संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

राष्ट्रिय दैनिक

■ बर्ष-१६, ▸▸ अंक ३२३ ▸▸ जेठ २९ शनिबार,२०७८, June – 12 Saturday ,2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com



**सडक सोलार बत्तीको बिजोक ।** त्रियुगा नगरपालिका १२ बिसनपुर त्रिवेणी चोकमा त्रियुगा नगरपालिकाले सडक बत्तीको रुपमा राखेको सोलार बत्ती । त्रियुगा नगरपालिकामा सडक बत्ती मर्मतको लागि ७ जना कर्मचारी भए पनि सोलार भुईमा लडेको अबस्थामा छ । तस्बिर -- बुद्धि कुमार राई

# उदयपुरमा निषेधाज्ञा १ साता थपियो

❖ बुद्धि कुमार राई

***उदयपुर, जेठ २८***

उदयपुरमा पछिल्लो समय कोविड संक्रमण घट्दै गएको छ भने निको हुने क्रम बढ्दै गएपछि जारी निशेधाज्ञालाई खुकुलो पार्दै सातादिनलाई थप गरिएको छ । शुक्रबार राति १२:०० बजेसम्म जारी गरिएको निशेधाज्ञालाई थप १ साता बढाउँदै आउँदो असार ७ गतेसम्म लम्ब्याउने निर्णय जिल्ला बिपत व्यवस्थापन समिति (डिएमसी) बैठकले गरेको छ ।

बैठकले सुरक्षा सतर्कता अनिवार्य अपनाएर निशेधाज्ञा खुकुलो पार्दै विहान ७:०० देखि १२:०० बजेसम्म तरकारी, फलफुल, माछा मासु,लगायत खाद्यान्न र निर्माण सामग्रीका पसल खोल्न दिने निर्णय गरेको छ । यसअघि ७:०० देखि ९:०० बजेसम्म मात्र खुल्ला गर्न पाइन्थ्यो । यसअघि रोकिएको विकास निर्माण कार्य सुचारु गर्न सुरक्षा मापदण्डको पालना गर्दै काम गर्न दिने निर्णय पनि बैठकले गरेको छ ।

बैठकले अत्यावश्यक काममा बाहेक बजार हिडडुलमा कडाई भने यथावत राखेको छ । अस्पताल, एम्बुलेन्स, बिरामी कुरुवा, मृत्यु संस्कार, खानेपानी, स्वास्थ्य, पेट्रोलियम पदार्थ, दुध, फुलफल, खाद्यान्नको ढुवानीमा रोक लगाइने छैन । बैंक तथा बित्तीय संस्थाहरु नेपाल राष्ट्र बैंक्ले तोके अनुसार सञ्चालन हुने बैठक निर्णय भएको छ ।

बैठकले बिना मास्क हिड्नेलाई पटकैपिछ १ सय रुपैंया जरिवाना गस्तीमा रहेका सुरक्षाकर्मीले तत्काल सजाय गर्न सक्ने ***- बाँकी २ पेजमा***

## ७० संक्रमित थपिए, ४ सय ७९ निको

*उदयपुरमा पछिल्लो २४ घण्टामा निको हुनेको संख्या अपेक्षाकृत बढेको छ । स्वास्थ्य कार्यालय उदयपुरका अनुसार पछिल्लो २४ घण्टामा अहिलेसम्मकै सबभन्दा बढी संक्रमितहरु निको भएका छन् ।*

*शुक्रबार निको हुनेको संख्या ४ सय ७९ जना रहेको स्वास्थ्य कार्यालयको तथ्यांकले देखाएको छ । हालसम्म निको हुनेको संख्या ४ सय १६ महिलासहित ९ सय ७५ पुगेको छ । अघिल्लो दिन ९१ जना निको भएका थिए भने कुल निको हुनेको संख्या ४ सय ९६ थियो ।*

*अब जिल्लामा सक्रीय संक्रमतिको संख्या ३ सय १२ महिलासहित ६ सय ६६ रहेको छ । उनीहरु उदयपुर कोविड अस्पताल, सदरमुकामस्थित आँखा अस्पताल र होमआईसोलेसन तथा केही बिराटनगर र धरानका अस्पतालमा उपचाररत रहेको सुबेदीले बताएका छन् । अब उदयपुरमा कोबिड नियन्त्रणमा आएको तथ्याङ्क्ले देखाएको छ ।*


## २०४५ साल मंसिर १ गतेदेखि निरन्तर ग्राहकको सेवामा

# बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहक को सेवामा

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

सम्पर्क - ९८६८१९८५२४, ९८०२स५२९६





प्रोपाइटर - भरत चामलिङ राई

## सम्पादकिय

# सडकको सोलार बत्तीको संरक्षण गर

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट रहेको त्रियुगा नगरपालिकाले ४ बर्ष अघिदेखि नगरपालिकाको विभिन्न १६ वटा नै वडाहरुमा सडक बत्तीको रुपमा सोलार सडक बत्ती राखेको छ। नगरपालिकाले सोलार बत्ती राख्नको मुख्य कारण नगरपालिकालाई सुन्दर, स्वच्छ, हराभरा र बत्ती गएको अवस्थामा पनि उज्यालो सहर बनाउनको निम्ती यस्तो काम गरेको हो। बत्ती नभएको ठाउँमा सोलार सडक बत्तीले गाउँको मुहार नै बदलिदिएको छ।

त्रियुगा नगरपालिकाको गाउँले पहाडी वडाहरु १४ नम्बर साउने, १५ नम्बर खाँबु छामलिङ, १६ नम्बर जाल्पामा सोलार बत्ती सडकमा हुँदा सडक र गाउँमा बिकास भएको अनुभुती गराउँदछ। तिनै सडक सोलार बत्ती गाईघाट बजारमा भने निल्नु न ओकल्नु भएको छ। त्रियुगा नगरपालिकाको कार्यालय अगाडी नै पार्किङ स्थलमा सोलार बत्तीको सोलार प्यानल हराएको छ। त्रियुगा नदीको पुल पारी मोतिगडा जाने सडकको दाँया साइडको पेट्रोल पम्प अगाडीको सोलार प्यानल हराएको छ। त्यस्तै १२ नम्बर वडाको पुरानो गाईघाट बुद्धचोकमुनी किरातचोक त्रिवेणी चोकमा सोलार प्यानल हावाले उडाएर भुईमा झार्दा काम नै नलाग्ने स्थितीमा छ। के गर्छन सडक बत्ती बनाउन राखेको ७ जना कर्मचारीहरु ? बत्ती बनाउन राखिएको कर्मचारीले बत्ती नबनाएर के गर्छन ? बत्ती मर्मत सम्भार गर्न राखिएको कर्मचारीले सडक बत्ती बनाउनुपर्यो। सडक बत्ती बिग्रेको क्षती भएको रिपोट नगरपालिकालाई दिएर मर्मत सम्भार गर्नुपर्यो।

वार्षिक रुपमा ३६ लाख रुपैया त्रियुगा नगरपालिकाले विधुत चलाएवापत विधुत प्राधिकरणलाई बुझाउदछ। त्यो रकमलाई पनि कम गर्न र बत्ती नभएको समयमा पनि नगरपालिकालाई उज्यालो बनाउन सडक सोलार बत्ती राखिएको हो। अहिले सडक सोलार बत्ती आधा भन्दा धैरै बत्तीहरु बल्दैन। सडक बत्ती सँगै बजारमा राखिएको सिसि क्यामेराहरुले पनि काम गर्दैन। कहिले बन्ला त सडक बत्ती र सिसि क्यामेरा नगरपालिका ? गाईघाट नगरलाई उज्यालो, सुन्दर, हरियाली सहर बनाउने हाम्रो योजनालाई यि पूर्वधारहरुले गिज्याईरहेको छ त। बजारमा चोरी हुन बाट बचाउन सिसि क्यामेराले पनि सहयोगी उपकरण भएको थियो। तर अहिले सिसि क्यामेरा हरु काम गर्ने अबस्थामा छैन। उद्योग बाणिज्य संघ हराएको अबस्थामा छ। कसले बनाउँला त सिसि क्यामेरा, सोलार सडक बत्ती ? सुन्दर सहर बनाउने हाम्रो योजनालाई त्रियुगा नगरपालिकाले गम्भिर रुपमा लिई आजको आज भोलीको भोली सडक सोलार बत्ती, बिजुली बत्ती, नाली र सिसि क्यामेरा बनाउन पहल गरौ।

*उदयपुरमा ......*

निर्णय भएको छ। त्यस्तै बिना काम निस्कने दुईपाङ्ग्रे सवारी साधनलाई पटकैपिछ २ हजार र संस्थाको हकमा पटकैपिछ ५ हजार जरिवाना लिनसक्ने प्रावधान राखिएको छ।

त्यसै गरी विनाकाम बजार निस्केको पाइए दुईपाङ्ग्रे सवारी साधनलाई पटकैपिछ २ हजार र चारपाङ्ग्रेलाई ५ हजार जरिवाना तोकिएको छ। जवरजस्ती गरेमा 'कोविड १९ शंकट व्यवस्थापन अध्यादेश २०७८' अनुसार निशेधाज्ञा उल्लंघन गर्ने व्यक्तिलाई १ लाखसम्म र संस्थाको हकमा ५ लाखसम्म जरिवाना तिराउन सक्ने प्रावधान लागू गरिने छ। जिल्लाबाहिरबाट आउने आगन्तकहरुले स्थानीयतहले तोकेको क्वारेन्टीन तथा आईसोलेसन सेन्टरमा अनिवार्य बस्नुपर्ने निर्णय गरिएको छ।

## जेठ २८ गत शुक्रबार

## गाईघाटको तरकारी बजार भाउ

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १२, फुलकोबी | रु ५० |
| २, अदुवा | रु १०० | १३, फर्सि | रु ३० |
| ३, टमाटर | रु ६० | १४, कटहर | रु ६० |
| ४, बन्दा | रु ५० | १५, काक्रा | रु ४० |
| ५, भेन्टा | रु ५० | १६, धनियाँ | रु १५० |
| ६, खुर्सानी | रु ८० | १७, लोकलबोडि | रु ८० |
| ७, मुला | रु ६० | १८, खर्बुजा | रु ४० |
| ८, पर्बल | रु ८० | १९, रायो साग | रु ६० |
| ९, तितेकरेला | रु ६० | २०, लट्टे साग | रु ४० |
| १०, भिन्डी | रु ४० | २१, प्याज | रु ५० |
| ११, च्याउ | रु २०० | २२, निगुरो | रु २० |

# नेपालटारमा म्याद गुज्रेको खाद्य बिक्रि

❖ ढक बहादुर राउत

*उदयपुरगढी, जेठ २८*

*नेपालटार उद्योग बाणिज्य संघका संस्थापक अध्यक्षसमेत रहेका अधिकारीका अनुसार संघको कार्यावधि पुरा भए पनि अधिवेशन नगरेर नयाँ कार्यसमिति चयन हुन नसक्दा बजारमा मनपरीतन्त्र बढेको हो। कार्य समितिको पदावधि सकिएको २ वर्ष बितिसक्दा पनि नयाँ समिति गठन गर्न अधिवेशन नै नगरेपछि संघ निस्कृय हुन पुगेको उनले बताए। संघको आर्थिक पक्ष पारदर्शी नभएको र बजार अनुगमन ठप्प भएको अधिकारीले गुनासो गरेका छन्।*

सदरमुकामलगायत ठूलो बजारमा बेलाबेलामा अनुगमन गर्ने गरिए पनि माफेसलका व्यापारिक केन्द्रमा लामो समयसम्म अनुगमन नहुँदा उपभोक्ता मारसहन बाध्य छन्। अनुगमन गर्ने नियमन निकायको आँखा नपर्ने गरेकै कारण गाउँघरका व्यापारीहरु मनपरी मूल्य असुल्नुका साथै म्याद गुज्रेका खानेकुरा बेचेर उपभोक्ता ठग्न सफल हुदै आएका छन्।

यस्तै उपभोक्ता ठगिने बजारहरुमध्ये नेपालटार पनि एक हो। उदयपुरगढी गाउँपालिकाको पुरानो व्यापारिक केन्द्र नेपालटारमा लामो समयदेखि अनुगमन नहुँदा यस्तो समस्या कायम रहेको स्थानीयहरु बताउँछन्। प्रहरी प्रशासनको नजर नपर्ने र अनुगमन नहुने भएपछि नेपालटार बजारबासी उपभोक्ता म्याद गुज्रेका खानेकुरा खान बाध्य भएको स्थानीय युवा मिलन बस्नेत बताउँन्। उनका अनुसार बजार व्यवस्थापन गर्ने जिम्मेबार निकाय व्यापवारीहरुको संस्था उद्योग बाणिज्य संघले पनि यसबारे चासो दिएको पाइएको छैन।

स्थानीय व्यापारी मेघनाथ अधिकारीले बाणिज्य संघकै बेवास्ताका कारण उपभोक्ता ठगिनुपरेको बताए। नेपालटार उद्योग बाणिज्य संघका संस्थापक अध्यक्षसमेत रहेका अधिकारीका अनुसार संघको कार्यावधि पुरा भए पनि अधिवेशन नगरेर नयाँ कार्यसमिति चयन हुन नसक्दा बजारमा मनपरीतन्त्र बढेको हो। कार्य समितिको पदावधि सकिएको २ वर्ष बितिसक्दा पनि नयाँ समिति गठन गर्न अधिवेशन नै नगरेपछि संघ निस्कृय हुन पुगेको उनले बताए। संघको आर्थिक पक्ष पारदर्शी नभएको र बजार अनुगमन ठप्प भएको अधिकारीले गुनासो गरेका छन्।

अभिवेशन नभएका कारण नेपालटारका झण्डै साढे ३ सय व्यापारी संलग्न संघको गतिबिधि पछिल्लो समय अपारदर्शी हुनुका साथै बजार अनुगमन रोकिएपछि गलत सौँच भएका व्यापारीहरुमा मनपरी बढेको अधिकारीको भनाई छ। 'झण्डै ३ सय ५० व्यापारीहरुको साझा संगठन नेपालटार उद्योग बाणिज्य संघ २ वर्षदेखि के गरिरहेको छ भन्नेबारे कसैलाई पत्तो छैन' संस्थापक अध्यक्ष अधिकारी भन्छन् 'समितिको आर्थिक पक्ष र कामको गतिबिधि पारदर्शी छैन, बजारमा मूल्य मनपरी छ, म्याद गुज्रेका खाद्यपदार्थ बिक्री भईरहेको छ तर, संघ मौन छ।'

कतिपय पसलहरु दर्ता नगरी सञ्चालनमा रहेकाले सरकारले लिनुपर्ने राजश्व गुम्ने गरेको तथा मूल्यसूची नहुँदा पसलैपिछे सामानको भाउ फरकफरक रहेको उपोक्ताको गुनासो छ। दाल, चामल, तेल, मसला, जंक फुटलगायत बिभिन्न किसिमका खाद्य पदार्थ म्याद नाघेको र मनपरी मूल्यमा बिक्री हुने गरेको तथा कोक, फेन्टा, बियर, पेप्सीजस्ता चिसो पेय पदार्थ पनि म्याद नाघेको र महँगो मूल्यमा बेच्ने गरेको उपभोक्ताको आरोप छ।

धरान चतारा गाईघाट कटारी सिन्धुली भएर निर्माणाधीन मदन भण्डारी लोकमार्गले छोएको नेपालटार बजार पुग्न गाईघाटदेखि आधा घण्टामै पुग्न सकिन्छ। यति छोटो दूरीको बजार भए पनि प्रशासनले बजार अनुगमन गर्नेतर्फ चासो नदिएका कारण उपभोक्ता मारमा पर्नुपरेको स्थानीयहरुको गुनासो छ।

सरकारले उपभोक्ताको हित अनुकुल नियमित बजार अअनुगमन गरेर मूल्य अद्यावधि गर्नु पर्ने उनीहरुको धारणा छ। दैनिक उपभोग्य बस्तु बिक्रि बितरणमा म्याद गुज्रेका खानेकुरा बेच्ने उपभोक्ताहरुलाई ठग्ने, व्यापारीलाई कानुनी कारबाही गर्न नियमित अनुगमन गर्न पनि उपभोक्ताले माग गरेका छन्।

# सुकुम्बासी बस्तीमा दोजर प्रकरण

❖ ऋषि राई

*कटारी, जेठ २८*

२३ दिनअघि उदयपुरको कटारी नगरपालिका ४ जहडीस्थित सुकुम्बासी बस्तीमा डोजर लगाएर घर भत्काएको घटनाप्रति जिल्लाका बिभिन्न राजनीतिक दलहरुले पुन: सरकारको ध्यानाकर्षण गराएका छन्। नेपाली कांग्रेस, नेकपा (माओबादी केन्द्र), नेकपा (एमाले) नेपाल खनाल समूह, जनता समाजबादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बिहीबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउदै घट्नाको निश्पक्ष र सत्यतथ्य छानविन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

दलीय प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालय पुगेर प्रजिअ तुलसीराम सेडाइँलाई बुझाएको ज्ञापनपत्रमा नगरपालिकाले निशेधाज्ञाको अवधिमा घरबाहिर निस्न नहुने नियम तोडेर किरीया बसेको घरमासमेत डोजरले सुकुम्बासीको घर भत्काउने घट्ना अमानवीय र निन्दनीय भएको भन्दै भर्त्सना गरिएको छ। नगर प्रमुख, उपप्रमुख र वडाध्यक्ष जस्तो जिम्मेबार जनप्रतिनिधिले नै जनतामाथि गरेको यस्तो हर्कत अन्यायको पराकाष्टा भएको उनीहरुको बुझाई छ।

ज्ञापनपत्र बुझाउन नेपाली काङ्ग्रेसका जिल्ला सभापति बिदुर बस्नेत, क्षेत्रीय सभापति रामकुमार खत्री, कटारी नगर सभापति गोपी पराजुली, जिल्ला सदस्य कृष्ण श्रेष्ठ, नेकपा (माओवादी केन्द्र)का प्रदेश १ सदस्य केपी बराल, कटारी नगर अध्यक्ष मणिराज दाहाल र सदस्य ईश्वर पोखरेल प्रशासन पुगेका थिए। त्यस्तै, नेकपा (एमाले) उदयपुरका अध्यक्ष ईश्वरमणि राउत, जसपा जिल्ला अध्यक्ष केशवबहादुर मगर, क्षेत्रीय अध्यक्ष विष्णुबहादुर राई दनुवार र राष्ट्रिय प्रजातन्त्र पार्टी नगर अध्यक्ष बुद्धिमान तामाङ, नरेन्द्र कार्की र राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव बलबहादुर तामाङ तथा आदिवासी जनजाति महासंघ कटारीका सचिव पदमकुमार राई टोलीमा सहभागी थिए।

ज्ञापनपत्रमा काङ्ग्रेस नगर सभापति गोपीप्रसाद पराजुली, माओवादी केन्द्र नगर अध्यक्ष मणिराज दाहाल, एमाले नगर अध्यक्ष कृष्ण खड्का, जसपा नगर अध्यक्ष बुद्धिमान तामाङ र राप्रपा नगर अध्यक्ष नरेन्द्र कार्की द्वारा हस्ताक्षरित ज्ञापनपत्रमा स्थानीय सरकारले गरेको ज्यादतीपछि प्रहरी प्रशासनले धरपकड गरेर सुकुम्बासीलाई थप पीडा दिएको उल्लेख छ। घट्नामा संलग्न भएको आरोपमा ४ जना स्थानीयलाई पक्राउ गरी झुट्टा मुद्दा लगाएर दुख दिएको भन्दै त्यस्तो झुट्टा मुद्धा तत्काल फिर्ता लिन र पक्राउ व्यक्तिहरूलाई विना शर्त रिहा गर्न पनि विज्ञप्तीमा माग गरिएको छ।

निशेधाज्ञाका बेला जेठ ५ गते जहडीस्थित सुकुम्बासी बस्तीमा नगरपालिकाले सुकुम्बासीको घर भत्काएको घटनाप्रति आफुहरुको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तीमा उल्लेख छ। ज्ञापनपत्रमा सर्वपक्षीय/सर्वदलीय सार्वजनिक जग्गा संरक्षण समिति बनाएर नगरक्षेत्रभित्रका सबैखाले सार्वजनिक जग्गाको एउटै मापदण्ड बनाई समस्या समाधान गर्नु माग गरिएको छ।

ज्ञापनपत्र बुझ्दै सिडिओ सेंढाईले आफूलाई घटनाबारे धेरै जानकारी नभएकाले सरोकारवाला सबैपक्षसँग छलफल गरेर समाधानको पहल गर्ने बताएको दलका प्रतिनिधिहरुले बताएका छन्। गत १६ गते पनि दलका नगरस्तरीय प्रतिनिधिहरूले कटारीस्थित इलाका प्रशासन कार्यालयमा सोही वेहोराको ज्ञापनपत्र बुझाएका थिए। माओवादी नेता केपी बरालले नगरप्रमुख, उपप्रमुख र वडाध्यक्ष समस्या समाधान गर्नुको साटो थप बल्झाउनेतर्फ उद्यत रहेकाले पीडित जनतालाई न्याय दिलाउन इलाका प्रशासन हुँदै जिल्ला प्रशासनसम्म आएको बताए।

नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठ, उपप्रमुख भीमकुमारी राउत र ४ नं. वडाध्यक्ष कृष्ण दनुवारसहितको टोलीले जेठ ५ गते निशेधाज्ञाकै समयमा जहडीका सन्तबहादुर सुनुवार र दिनेश दनुवारको घर, टहरा डोजर लगाएर भत्काएको थियो। त्यसअघि जेठ ३ गते नगरले बोलाएको सर्वदलीय बैठकमा कोविड संक्रमण बढ्न नदिन ७ गतेसम्म वडालाई 'सिल' गर्ने निर्णय गरेको तर, सुकुम्बासी बस्तीको घर, टहरा भत्काउनेबारे कुनै छलफल नभएको बैठकमा सहभागी माओवादी नगर अध्यक्ष दाहालले बताए।

# चौदण्डीमा २ वटा ट्रष्ट पुल बन्यो

❖ महेन्द्र राई

*चौदण्डीगढी बसाहा, जेठ २८*

उदयपुर जिल्लाको पुर्वी चौदण्डीगढी नगरपालिकामा दुई ओटा ट्रस पुलको काम हालै सकिएको छ। नगरपालिकाको वडा नं.-४ को लामाखोला र वडा नम्बर - ८ धारापानी खोलाको ट्रस पुलको निर्माण कार्य सकिएको हो ।



वडा नं.- ४ को जिरायत टोल र वडा नं-२ झोडापाटा बिचको लामाखोलामा गत चैत्र २० गते शिलान्यास भएको ट्रस पुलको काम भर्खरै मात्र सकिएको उपभोक्ता समितिका अध्यक्ष मौसम राईले जानाकारी दिइन । उनका अनुसार संघीय सांसद तथा पूर्व शहरी बिकास मन्त्री डाक्टर नारायण खड्काद्वारा उक्त पुलको शिलान्यास भएको थियो ।

डा. खड्काको संसदीय क्षेत्र विकास कोषको १८ लाख र चोउदन्डिगढी नगरपालिकाको १० लाख अनुदान सहयोग गरी जम्मा २८ लाखको लागतमा पुल निर्माण भएको निर्माण समितिले जनाएको छ । लामा खोला पुलको लम्बाइ २७ मिटर रहेको छ।

लामाखोला पुल बनेसङ्गै बसाहा, बेल्टार र सुन्दरपुर आवत जावत गर्न सहज भएको उपभोक्ता समितिका सदस्य नविन सुप्तिहाङ राईले जानकारी दिए ।

यसैगरी वडा नं.-८ को वीरेन्द्र बजार छेउको धारापानी खोलामा पनि अर्को ट्रस पुलको काम सकिएको उपभोक्ता समितिका सचिब बिबस चामलिङ राईले जनाए । उनका अनुसार डा. खड्काको संसदीय क्षेत्र विकास कोषको १५ लाख, नगरपालिकाको १८ लाख र वडाको १० लाख अनुदान सहयोग गरी जम्मा ४३ लाखको लागतमा पुलको काम सकिएको हो । लामा खोलाको पुलको निर्माणसँगै चमेरेपुल, कम्पुघाट, साउने,खाँबु र बेल्टार बजार आउजाउमा सहजता मिलेको स्थानीयले जनाए ।





नारायणी ग्याँस
गाईघाट,डिलर, उदयपुर
बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२









# त्रियुगा नगरपालिकाले पैसा नदिदा प्याराफिट बन्नमा ढिलाई

❖ बेद कुमारी राई

*गाईघाट, जेठ २८*



त्रियुगा नगरपालिकाले समयमा भुक्तानी दिन नसक्दा निर्माणधिन थरुहट ंगशाला उदयपुको प्याािफटको काम समयमा सकिएको छैन ।

२०७८ जेठ १८ गते सम्पन्न हुनुपर्ने उक्त ंगशालाको काम जेठ २८ गते बितिसक्दा समेत निर्मापको काम ७० प्रतिशत मात्र सकिएको निर्माण ठेक्का पाएको युनिक ब्युलड सप्तीले जनाएको छ। ४२ लाख कममा ठेक्का लिएको निर्माण कम्पनीले हाल सम्म ४ लाख मात्र कम पाएको छ।

हालसम्म ३० लाख कमको काम सम्पन्न भईसक्दा समेत नगपालिकाले सम्पन्न भईसकेको काम नापजाँच नगीदिदा काममा ढिलाई भएको ठेकेदा निलेश झाले बताए। ठेक्दा झाका अनुसा नगपालिकाले २-३ दिनमा निर्माण सम्पन्न भएको कामको नाप जाँच गे कम दिने भएको उनले बताए।

हाल सो निर्माण कार्यमा १२ जना सप्तीकै कामदाहरु काम गहिका छन् । हाल ७० प्रतिशत काम पुा भएकोल उनले बताए । नगपालिकाले समयमा नै पैसा दिने हो भने आगामी असा मसान्त सम्ममा काम पुा हुने उनले बताए ।

चालू आर्थिक वर्ष २०७७/७८ मा १ नम्बर प्रदेश सरकारको बजेटमा ३ वटा प्याराफिट निर्माण भईहेको छ । हालसम्ममा २ वटा प्याािफटको काम सकिएको छ। प्याराफिट निर्माणको जिम्मा सप्तरीको युनिक ब्युलडर निर्माण कम्पनीले पाएको हो। २०७७ पुस ५ गते ४१ लाखमा ठेक्का लिएर ३ वटा प्याराफिट बनाउने काम सुरु गरेको निर्माण कम्पनी सञ्चालक निलेश झाले बताए ।

२०७८ जेठ १८ गतेभित्र निर्माण गरिसक्नु पर्ने काम नगपालिकाकै काण ढिलो भएको झाले बताए। ६२ लाख रुपैंया लागत इस्टीमेटको उक्त काम युनिक ब्युलडरले ४४ प्रतिशत कममा कामको जिम्मा लिएको ठेकेदार झाले बताए। एउटा प्याराफिटको लम्बाई ४५ मिटर लामो हुनेछ भने उचाइ ३ मिटर १५ सेन्टिमिटरको हुनेछ । निर्माणाधीन ३ वटा प्याराफिट सँगै रंगशालालाई चाहिने सबै प्याराफिट पूरा हुने थरुहट रंगशाला निर्माण समितिका सचिव सन्तोषकुमार चौधरीले बताए ।

८ स्टेप सिंढी रहने प्याराफिटमा एउटा प्याराफिटमा २ सय ४० जना दर्शक अट्ने चौधरी बताउँछन् । निर्माणाधीन ३ प्याराफिटसँगै रगंशालालाई पुरै प्याराफिटले घेर्नेछ । रंगशालाको दक्षिण-पश्चिमतर्फ र मुख्य प्याराफिटको उत्तर पश्चिममा रहेको खाली ठाउँमा भने गेट राखिने समितिका सचिव चौधरीले बताएका छन् ।

अब उदयपुर सदरमुकाम गाईघाटमा रहेको थरुहट रंगशालामा ६ हजार दर्शकले सुबिधा सम्पन्न प्याराफिटमा बसेर खेलकुदका गतिबिधि हेर्न पाउने भएका छन् । करिब ६ बिगाहा क्षेत्रफलमा फैलिएको रंगशालामा यसअघि रंगशालाको उत्तर दिशामा ७ वटा र दक्षिण दिशामा ४ वटा प्याराफिट बनिसकेको छ ।











ताप्ली गाउँपालिकाको कार्यालयद्वारा
गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने कर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसाय गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

ताप्ली गाउँपालिकाको कार्यालय
रुपाटार, उदयपुर


माझखर्क साप्ताहिकको सह-प्रकाशन.. मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट